# सूचनाको हक सम्बन्धी ऐन २०६४ को दफा ५(३) र सूचनाको हक सम्बन्धी नियमावली २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको त्रैमासिक विवरण।
# (मिति २०८०/१०/१७ देखि २०८१/०१/१६ सम्म)

**१. निकायको स्वरुप र प्रकृतिः**

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भई भुक्तानी तथा फर्स्योट ऐन, २०७५ बमोजिम नेपाल राष्ट्र बैंकबाट विद्युतीय वालेट मार्फत भुक्तानी सेवा प्रदान गर्न अनुमति पत्र प्राप्त भुक्तानी सेवा प्रदायक संस्था।

**२. निकायको काम, कर्तव्य र अधिकारः**

भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ र नेपाल राष्ट्र बैंकको निर्देशन र शर्तहरु बमोजिमका काम, कर्तव्य र अधिकार रहेको छ।

**३. निकायमा रहने कर्मचारी संख्या र विवरणः**

हाल कार्यरत कर्मचारी संख्या ३४ रहेको र कम्पनीले तोकेको कार्य विभिन्न पदमा कार्यरत कर्मचारी मार्फत भइरहेको छ। कम्पनीको व्यवस्थापन समितिमा रहेको पदाधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.ndpc.com.np मा उपलब्ध छ।

**४. निकायबाट प्रदान गरिने सेवाः**

भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम र नेपाल राष्ट्र बैंकको निर्देशन र शर्तहरुको अधिनमा रहि दुरसञ्चार संजालको प्रयोग गरी विद्युतीय वालेटको माध्यमबाट प्रदान गर्न सकिने भुक्तानी सम्बन्धी सेवाहरु। सो सम्बन्धी विस्तृत विवरण संस्थाको वेबसाइटमा राखिएको छ।

**५. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारीः**

कम्पनीको हाल कुनै शाखा कार्यालय नरहेको र जिम्मेवार पदाधिकारीहरुको विवरण कम्पनीको वेबसाइट www.ndpc.com.np मा उपलब्ध रहेको।

**६. सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधिः**

कम्पनीले प्रदान गर्ने विभिन्न सेवा शुल्कः तथा अवधि कम्पनीको वेबसाइट https://www.namastepay.com/consumerportal/#/ मा प्रकाशित गरिएको छ।

**७. निर्णय गर्ने प्रक्रिया र अधिकारः**

कम्पनीको सर्वोच्च निकायको रुपमा सञ्चालक समिति रहेको छ। सञ्चालक समितिबाट पारित नीति, निर्देशन तथा निर्णयहरुको अधिनमा रही व्यवस्थापकीय प्रमुखको रुपमा कार्य सञ्चालन गर्नका लागि प्रमुख कार्यकारी अधिकृतलाई जिम्मेवारी प्रदान गरीएको छ। साथै, कार्य प्रकृति अनुसार तहगत रुपमा निर्णय गर्ने व्यवस्था रहेको छ।

**८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः**

ग्राहकहरुले गुनासो तथा उजुरी गर्नका लागि कम्पनीले टोल फ्रि नम्बर सहितको टेलिफोन कल सेन्टर, इमेल तथा उपलब्ध डिजिटल माध्यमहरु फेसबुक, भाइबर लगायत चिठीपत्र समेतको माध्यम उपलब्ध

गराएको छ। साथै, गुनासो सुन्ने अधिकारीको तपसिल बमोजिम विवरण कम्पनीको वेबसाइटमा समेत राखिएको छ।

गुनासो सुन्ने अधिकारी: श्री विभूति श्रेष्ठ

फोन नं.: +९७७-९८५१३१२७९४

इमेल: gunaso@namastepay.com

## ९. सम्पादन गरेको कामको विवरण:

भुक्तानी तथा फस्यौंट ऐन, २०७५ बमोजिम भुक्तानी सेवा प्रदायक (PSP) को इजाजतप्राप्त संस्थाले गर्न सक्ने भनी तोकिएको कार्यहरु सम्पादन भइरहेको छ।

## १०. सूचना अधिकारीको नाम र पद:

सूचना अधिकारी: श्री श्वेता बाग्ला

पद: प्रमुख, व्यापार

फोन नं. ०१४११७१००, ०१४११७२००

इमेल: press@ndpc.com.np

## ११. ऐन, नियम, विनियम वा निर्देशिकाको सूची:

संस्थालाई लागु हुने सम्पूर्ण प्रचलित ऐन, नियम, विनियम र निर्देशनहरु कम्पनीले पालना गर्नुपर्ने हुन्छ। साथै, देहाय बमोजिमका ऐन, नियम, विनियम, कार्यविधि र निर्देशिकाहरु कम्पनीको कार्य सञ्चालनमा विशेष रुपले सम्बन्धित रहेका छन्:

१. भुक्तानी तथा फस्यौंट ऐन, २०७५
२. भुक्तानी तथा फस्यौंट विनियमावली, २०७७
३. भुक्तानी प्रणाली सम्बन्धी एकीकृत निर्देशन -२०८०
४. भुक्तानी सम्बन्धी कार्य गर्ने संस्थालाई प्रदान गरिने अनुमति निति, २०७९
५. नेपाल राष्ट्र बैंकबाट जारी हुने निर्देशिका तथा परिपत्रहरु
६. सार्वजनिक खरिद ऐन, २०६३
७. सार्वजनिक खरिद नियमावली २०६४
८. विद्युतीय माध्यमबाट प्रवाह हुने कर्जा (Digital Lending) सम्बन्धी मार्गदर्शन, २०७८
९. कम्पनी ऐन, २०६३
१०. लेखा परिक्षण ऐन, २०७५
११. सम्पत्ति शुद्धिकरण (मनी लाउन्डरिङ्ग निवारण ऐन, २०६४)
१२. श्रम ऐन, २०७५
१३. संस्थाले तर्जुमा गरेका विभिन्न नियमावली, निर्देशिका, कार्यविधि तथा नीतिगत व्यवस्थाहरु

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्बन्धी अद्यावधिक विवरण:

कम्पनीको आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अध्यावधिक विवरणहरु कम्पनीको वेबसाइट www.ndpc.com.np मा प्रकाशित गर्ने गरिएको छ।

**१३. कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगानाः**

कम्पनीको प्रमुख कार्यकारी अधिकृतको नाम र ठेगाना देहाय बमोजिम रहेको छः

प्रमुख कार्यकारी अधिकृतः श्री प्रवीणराज पोखरेल
नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१४११७१००, ०१४११७२००
इमेलः prabin.pokharel@ndpc.com.np

**१४. अघिल्लो वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सोको विवरणः**

यस कम्पनीले भुक्तानी सेवा प्रदायकको रुपमा मोबाइल वित्तीय सेवा सञ्चालन गर्दै आइरहेको छ र सो बाहेक कुनै विशेष कार्यक्रम वा आयोजना सञ्चालन गरेको छैन।

**१५. सार्वजनिक निकायको वेबसाइट भए सोको विवरणः**

www.ndpc.com.np

**१६. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएका भए सोको विवरणः**

कम्पनीको वित्तीय विवरणहरु कम्पनीको वेबसाइटमा प्रकाशित गरिने तथा मुख्य संस्थाको वित्तीय विवरणमा समावेश गरिने। साथै, अन्य विभिन्न विषयमा जानकारी तथा तथ्यांकहरु कम्पनीको वेबसाइट www.ndpc.com.np मा समेत प्रकाशित गरिएको छ।

NDPC
नेपाल डिजिटल पेमेन्ट्स कं. लि.

**नेपाल डिजिटल पेमेन्ट्स कम्पनी लिमिटेड**
त्रिपुरेश्वर, काठमाडौं
फोन नं. ०१४११७१००, ०१४११७२००
इमेलः info@ndpc.com.np
वेबसाइटः www.ndpc.com.np